# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालबाट भुक्तानी तथा फछ्र्यौट नीति सम्बन्धी अन्तरक्रियालाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक, भुक्तानी तथा फछ्र्यौट विभागद्वारा पुस २८ गते काठमाडौंमा आयोजित **भुक्तानी तथा फछ्र्यौट नीति, २०७२** विषयक अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभयो ।



उक्त अन्तरक्रिया कार्यक्रममा गभर्नर डा. नेपालले विश्व परिवेश अनुरुप नेपालको भुक्तानी प्रणालीलाई सरल, सुरक्षित र विश्वसनीय बनाउनका लागि नेपाल राष्ट्र बैंकले भुक्तानी तथा फछ्र्यौट विभागको स्थापना गरेको उल्लेख गर्नु हुँदै विश्वमा भुक्तानी प्रणालीको विकास अत्यन्त तीव्र गतिमा भइरहेको र विश्वका अधिकांश मुलुकहरुले भुक्तानी तथा फछ्र्यौट कार्यमा अत्याधुनिक प्रविधिको प्रयोग गरिरहेको चर्चा गर्नुभयो । सोही क्रममा उहाँले कारोबारको तत्काल फछ्र्यौट गर्नका लागि नेपालमा Real Time Gross Settlement System को आवश्यकता माथि प्रकाश पार्नुभयो ।

भुक्तानी तथा फछ्र्यौट कार्यमा विलम्ब हुन गएमा सम्पूर्ण आर्थिक क्षेत्र नै प्रभावित हुने धारणा व्यक्त गर्नुहुँदै गभर्नर डा. नेपालले नेपालको भुक्तानी तथा फछ्र्यौट नीति अन्तर्राष्ट्रिय स्तरको हुनुपर्नेमा जोड दिनुभयो । भुक्तानी तथा फछ्र्यौटको आधुनिक प्रविधि अपनाउन नसकिएका कारण भारतबाट प्राप्त हुन सक्ने विप्रेषण प्रभावित भएको तथ्य समेत उहाँले राख्नुभएको थियो ।

सो अन्तरक्रिया कार्यक्रमको उद्देश्य र प्रयोजनका बारेमा भुक्तानी तथा फछ्र्यौट विभागका कार्यकारी निर्देशक महेश भट्टराईले प्रकाश पार्नुभएको थियो । उहाँले भुक्तानी तथा फछ्र्यौट विनियमावलीमा भुक्तानी तथा फछ्र्यौट कार्य गर्ने संस्थाले नेपाल राष्ट्र बैंकको अनुमति लिनुपर्ने व्यवस्था भएकोले सो अनुमति दिने सम्बन्धमा अपनाइने प्रावधानहरु बारे छलफल गरी ठोस निष्कर्ष निकाल्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा भुक्तानी तथा फछ्र्यौटका क्षेत्रमा कार्यरत बैंक तथा वित्तीय संस्थाहरु, रेमिट्यान्स कम्पनीहरु, नेपाल टेलिकम, इ-सेवा आदिका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**२०७२ पुस २८, मंगलबार** | **गभर्नरको कार्यालय**